# प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड

**प्रधान कार्यालय: गोदावरी रोड, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल**

फोन नं.: ०९१-५९०७०७, Email: info@protectivemicro.com, Web: www.protectivemicro.com


## घर लघुबीमालेख

(नेपाल बीमा प्राधिकरणबाट लघु बीमकका लागि जारी बीमालेख)

बीमितले बीमा वापत लाग्ने पुरा बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले पेश गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन,२०७९ को अधिनमा रही बीमक श्री **प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड** ले यो बीमालेख जारी गरेको छ।

**१.** **प्रारम्भ:** बीमितले बीमाशुल्क भुक्तानी गरेको मिति देखि जोखिम रक्षावरण प्रारम्भ हुनेछ।

**२.** **बीमादर:** यस बीमाको बीमादर प्रतिहजार पचास पैसा हुनेछ।

**३.** **क्षतिपूर्ति पाउने अवस्था:** (१) बीमा अवधि भित्र बीमा गरिएको घर र घर अन्तर्गत रहेको चल अचल सम्पत्तिमा दफा-४ मा उल्लेखित अपवाद बाहेक अन्य सबै जोखिमबाट भएको क्षतिको क्षतिपूर्ति बीमकले बीमांकको सिमा तथा बीमालेखको शर्तहरुको अधिनमा रही प्रदान गर्नेछ।

(२) क्षति हुँदाका बखत घर परिसरमा भएका बढीमा पाँच जनासम्म परिवारका सदस्यको मृत्यु वा स्थायी पूर्ण अशक्त भएमा प्रति व्यक्ति एक लाख रूपैंया प्रदान गरिनेछ।

**४.** **अपवाद:** देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमितले पाउने छैनः

(क) बीमितको लापरबाही, लागू औषधको प्रयोग, अपराधिक क्रियाकलाप, आत्महत्या, आत्महत्याको प्रयास र चोरीको कारणले भएको क्षति,

(ख) बीमितको आम्दानीमा आएको कमी वा अन्य अप्रत्यक्ष क्षति,

(ग) रासायनिक, जैविक तथा आणविक हतियार, युद्ध आदिको कारणले भएको क्षति,

(घ) सार्वजनिक निकायले नष्ट वा जफत गर्दा भएको क्षति।

**५.** **बीमाका शर्तहरू:** (१) एउटै घरको बीमा एक भन्दा बढी बीमकबाट गर्न पाइने छैन।

(२) घरको पूरा मूल्यको बीमा गर्नु पर्नेछ तर घरको मूल्यको पचासी प्रतिशत भन्दा कम मूल्य राखी बीमा गरेको रहेछ भने सोही अनुपातमा रकम घटाएर मात्र बीमकले दावी भुक्तानी गर्नेछ।

(३) बीमकले दावी भुक्तानी वापत प्रदान गर्ने रकममा पाँच प्रतिशत कट्टा गरेर बीमितलाई भुक्तानी गर्नेछ।

(४) बीमितले झुठ्ठा, गलत विवरण दिएमा वा जालसाजीपूर्ण दावी गरेमा वा बीमालेखको शर्तहरु उल्लंघन गरेमा बीमकले दावी भुक्तानी गर्नेछैन।

(५) बीमा गरेको घरको कुनै कारणले क्षति भएमा तुरून्तै बीमकलाई खबर गर्नु पर्नेछ र आगलागी तथा अपराधिक क्रियाकलाप भएको रहेछ भने नजिकको प्रहरी कार्यालयमा समेत खबर गर्नु पर्नेछ।

(६) घरको स्वामित्व परिवर्तन भएमा बीमकलाई खबर गर्नु पर्नेछ र बीमकले उक्त बीमालेख नयाँ धनीको नाममा नामसारी गरिदिनेछ।

(७) बीमक तथा बीमितले बीमालेखको एक एक प्रति आफूसंग राख्नुपर्नेछ।

**६.** **उजुरी दिन सकिने:** दावी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा नेपाल बीमा प्राधिकरणमा उजुरी दिन सकिनेछ।